नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ९६८

मिति:-२०८१/०८/०९

ने.सं.११४४ कछलागा ०९

विषय:- किसान सूचिकरण कार्यलाई तीव्रताका साथ अगाडि बढाइदिन अनुरोध सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखाको प.सं. २०८१/०८२, च.नं. यो.ब.का./४७५ र २२, मिति २०८१/०६/२० को पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखा:-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८१/८२

च.नं. :- यो.ब.का./४७५

मिति :- वि.सं. २०८१/०६/२०

ने.स. :- ११४४ कौलाथ्व ४ आइतवार

<u>विषयः सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनहुन।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमांडौ

स्थानीय तह समन्वय शाखा

उपरोक्त सम्बन्धमा यसै पत्र साथ संलग्न प.सं. ०८१/८२ च.नं. २२ मिति २०८१/०६/२० को **"किसान सूचिकरण कार्यलाइ तीब्रताका साथ अगाडि बढाइदिन अनुरोध"** विषयक पत्र सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनहुन मिति २०८१/०६/०४ को सचिवस्तर निर्णय अनुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Daya Muni Bajracharya
daya.bajracharya@nepal.gov.np

(दया मुनी बज्राचार्य)

कृषि अर्थ विज्ञ

ईमेलः info@moald.gov.np, वेवसाईटः www.moald.gov.np, ☎ ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५

(१०)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

पत्र संख्याः०८१/८२
च.नं. २२

मितिः२०८१।०६।२०

विषय- किसान सूचिकरण कार्यलाइ तीव्रताका साथ अगाडि बढाइदिन अनुरोध ।

श्री सवै स्थानीय तहहरु,

१.खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को दफा १४ को उपदफा (१) अनुसार किसानको पहिचान गरी सरकारीस्तरवाट किसानहरुलाइ उपलव्ध गराउने सेवा/सुविधा/अनुदानको पारदर्शिता तथा सुशासन अभिवृध्दि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरण विद्युतीय प्रणालीमार्फत संकलन गरी किसान सूचिकरण कार्यक्रम कार्यान्वयन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७७/१०/०२ को निर्णयानुसार **"किसान सूचिकरण कार्यान्वयन कार्यविधि, २०७७"** स्वीकृत भइ आ.व. २०७७/७८ देखिनै उक्त कार्यक्रम राष्ट्रिय अभियानको रुपमा कार्यान्वयन रही संघीय सशर्त वित्तीय हस्तान्तरणमार्फत बजेट व्यवस्था भइ स्थानीय तहहरुवाट कार्यान्वयनमा रहेको र हालसम्म (मिति २०८१/०५/३० सम्म) मुलुकभर करिव १९ लाख २९ हजार किसान परिवार (राष्ट्रिय कृषि गणना, २०७८ का अनुसार ४१ लाख ३० हजार किसान घरधुरी रहेको) अर्थात कुल **किसान परिवारको करिव ४७ प्रतिशत किसान सूचिकरण प्रणालीमा सूचिकृत** भइसकेको अवस्था छ ।

२.यसै सन्दर्भमा मिति २०८१/०१/१० गते नेपाल राजपत्रमा प्रकाशित **"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धि नियमावली, २०८०"** को नियम १६ मा किसानको पहिचान र वर्गीकरणको व्यवस्था गरिएको जानकारी गराउँदै किसान सूचिकरणका लागि आ.व. २०७७/७८ वाट हरेक आर्थिक वर्षमा निरन्तरता सहित चालु आ.व. २०८१/८२ मा पनि स्थानीय तहमा किसान सूचीकरणको अवस्थाका आधारमा १ देखि ३ लाख सम्म रकम शसर्त वित्तीय हस्तान्तरण गरिएको जानकारी गराउँदछौं ।

३.हालसम्म ५० भन्दा बढी स्थानीय तहमा किसान सूचीकरण कार्य सम्पन्न भइसकेको छ भने थप १०० वटा स्थानीय तहमा सूचीकरण कार्य अन्तिम चरणमा रहेको अवस्था छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय/कृषि सूचना तथा प्रशिक्षण केन्द्रवाट हाल सञ्चालनमा रहेको किसान सूचिकरण विधी एवं प्रणाली र **"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धि नियमावली, २०८०"** को नियम १६ को प्रावधानवीच तादाम्यता सहित प्रविष्ट तथ्यांकको सुरक्षा, वर्गीकरण सहित परिचय पत्रको विस्तृतीकरण र प्रदेश तहको भूमिका समेत समावेश गरी **"किसान सूचिकरण (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१"** स्वीकृतिको प्रक्रिया अगाडि बढाइसकिएको छ ।

**४.चालु आर्थिक वर्ष २०८१/८२ मा किसान सूचीकरणको बाँकी कार्यक्रम सम्पन्न गर्ने** र सूचिकरण सम्पन्न भइसकेकामध्येका केही स्थानीय तहहरुमा वर्गीकरण सहितको **परिचय पत्र वितरणको Piloting** को कार्यक्रम सञ्चालन गरिन लागेको जानकारी गराउँदै अभियानका रुपमा सञ्चालित यस कार्यक्रमलाइ सफल बनाइ किसान सम्मान र कृषि सुशासन प्रवर्द्धन गर्न सूचिकरणको बाँकी कार्य यथाशिघ्र सम्पन्न गरि एवं प्रविष्ट किसान घरधुरीको विवरणको आवश्यक जाँचवुझ गरी प्रणालीमा स्वीकृत गरी/गराइ कार्यान्वयन एवं सहयोगका लागि सवै स्थानीय तहहरुमा हार्दिक अनुरोध गर्दछु ।

हरि बहादुर के.सी.